# स्थानीय राजपत्र


## अर्नमा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १० संख्या ९ मिति २०८३ असार ३० गते


## भाग १

## अर्नमा गाउँपालिकाको सूचना

मदेश प्रदेशको **गाउँ सभा र नगर सभाको कानुन निर्माण प्रक्रिया सम्बन्धी ऐन,** २०७७ को दफा ३३ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८३ को ऐन नं ९

### उपभोक्ता हक हित संरक्षण ऐन, २०८३

**प्रस्तावनाः** उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा

अर्नमा गाउँपालिका

सेवा प्रदायक वा बिक्रेताको अनुगमन तथा नियमन गर्न कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम अर्नमा गाउँ सभाले यो ऐनको तर्जुमा गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"उपभोक्ता हक हित संरक्षण ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुगमन टोली" भन्नाले गाउँपालिकाले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले दफा ५ बमोजिम गठित समिति बुझ्नु पर्दछ।

(ग) "अनुचित व्यापारिक क्रियाकलाप" यसै ऐनको दफा ११ बमोजिमका क्रियाकलाप सम्झनु पर्दछ।

(घ) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।



अर्नमा गाउँपालिका

(ङ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(च) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ। सो शब्दले होटल, लज, होष्टेल, खाजा घर संचालक आदिलाई समेत जनाउनेछ।

(छ) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ।

(ज) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनु पर्दछ।

अनमा गाउँपालिका

## परिच्छेद-२

## उपभोक्ता संरक्षण सम्बन्धी व्यवस्था

३. **उपभोक्ताको अधिकारः** (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार हुनेछः-

(क) वस्तु वा सेवामा सहज पहुँचको अधिकार,

(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(घ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा उत्पादक, पैठारीकर्ता वा विक्रेताबाट जानकारी पाउने अधिकार,

(ङ) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा

सेवाको बिक्रि वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(च) अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उचित कानूनी कारबाही गराउन पाउने अधिकार,

(छ) वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरूद्ध क्षतिपूर्ति पाने अधिकार,

(ज) उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार, र

(झ) उपभोक्ता शिक्षा पाउने अधिकार।

४. **वस्तु वा सेवाको नियमनः** (१) गाउँपालिकाले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा गाउँपालिकाले देहायका काम गर्नेछ।

(क) आफ्नो गाउँपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल विजक तथा बिक्रिको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको अनुगमन गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यान्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना सञ्चालन गर्ने

(घ) बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणका लागि सोको कार्यान्वयन गर्ने,

(ङ) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्रि स्थलको मापदण्ड तोक्ने,

(च) छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने,

(छ) मदिरा तथा सुर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने,

(ज) उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनियन्त्रित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(झ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको

मूल्य निर्धारण वा वृद्धिलाई रोक्न वा नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ञ) कुनै विशेष परिस्थितिमा वा कुनै ठाँउ विशेषमा तोकिएको अवधिको लागि वस्तुको अधिकतम् मौज्दातको परिमाण तोक्ने,

(ट) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गरी सामान्यतयाः मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(ठ) उपभोक्ताको अधिकार संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने, र

(ड) वस्तुको बिक्रि वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने।

(३) उपभोक्ताको अधिकार संरक्षण, आपूर्ति व्यवस्था नियमित र वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण गर्न गाउँपालिकाले समय समयमा आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद-३

## संस्थागत व्यवस्था

**५. गाउँ उपभोक्ता हित संरक्षण समिति:** उपभोक्ताको अधिकारको संरक्षण, बस्तु तथा सेवाको नियमन सम्बन्धी कार्यको संयोजन गर्न गाउँपालिकामा देहायको उपभोक्ता हित संरक्षण समिति रहनेछ;

(क) उपाध्यक्ष -संयोजक

(ख) कार्यपालिकाको आर्थिक समितिका संयोजक -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि -सदस्य

(घ) खाद्य, गुणस्तर, औषधी/जनस्वास्थ्य/ उद्योग बाणिज्य हेर्ने (उपलब्ध भए सम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख/प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित उद्योग बाणिज्य सङ्घको प्रतिनिधि -सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट एक जना -सदस्य

(छ) गाउँपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख -सदस्य सचिव

**६. गाउँ उपभोक्ता हित संरक्षण समितिका काम कर्तब्य र अधिकार:** उपभोक्ता हित संरक्षण समितिका काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछन्।

(क) सङ्घीय उपभोक्ता संरक्षण ऐन २०७५ र यस ऐनको अधीनमा रही उपभोक्ताको हक, हित संरक्षणको लागि नियमित रूपमा स्थानीय बजार अनुगमन गर्ने, गराउने,

(ख) बजार अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन प्रदेश बजार अनुगमन समितिसँग समन्वय गर्ने,

(ग) उपभोक्ताको हक, हित संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, परिषद्, मन्त्रालय वा विभागले दिएको निर्देशन बमोजिम अनुगमन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने,

(घ) अनुगमनको क्रममा प्रचलित कानुन बमोजिमको व्यवस्था परिपालना भएको नपाइएमा ऐन तथा यस नियमावली बमोजिमको व्यवस्था कायम गर्नको लागि निश्चित अवधि तोकी सम्बन्धित उत्पादक, वितरक वा बिक्रेतालाई आदेश दिने,

(ङ) कसैले ऐनको दफा ११ बमोजिमको कुनै कार्य गरेको पाइएमा कारबाहीको लागि विभाग वा सम्बन्धित निरीक्षण अधिकृत समक्ष लेखी पठाउने, र

(च) उपभोक्ताको हक, हित संरक्षणको लागि स्थानीय स्तरमा सचेतना अभिवृद्धि गर्ने।

७. **बैठक सम्बन्धी कार्यबिधिः** (१) उपभोक्ता हित संरक्षण समितिको बैठक दुई महिनाको एक पटक बस्नेछ।

(२) बैठक सम्बन्धी अन्य कार्य समिति आफैले तोकेबमोजिम हुनेछ।

८. **बजार अनुगमन टोली गठनः** (१) बजारको अनुगमन गर्न समितिले एक बजार अनुगमन टोली गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहायबमोजिमको पदाधिकारीहरु रहनेछन;

(क) समिति संयोजक वा संयोजकले तोकेको कार्यपालिका सदस्य-संयोजक

(ख) सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) -सदस्य

(ग) स्थानीय प्रशासन प्रतिनिधि (उपलब्ध भएसम्म) -सदस्य

(घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि -सदस्य

(ङ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट मनोनित एक जना -सदस्य

(च) उद्योग वाणिज्य सङ्घको प्रतिनिधि (उपलब्ध भएसम्म) एक जना सदस्य -सदस्य

(छ) पत्रकार महासङ्घ/संचारकर्मी एक जना -सदस्य

(३) यस दफा बमोजिम अनुगमन पश्चात टोलीले प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ र यसरी प्राप्त भएको प्रतिवेदनको संक्षिप्त बेहोरा समिति मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ।

९. **अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः** अनुगमन टोलीले देहायका कार्यहरू गर्नुपर्नेछ;

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/ गुणस्तरहिन) कम तौल भएको देखिएमा/ भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने र कारोवार रोक्का गर्ने वा बन्द गर्न सिफारिस गर्ने,

(च) उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने र

(छ) सम्पन्न बजार अनुगमन प्रतिवेदन सोहि दिन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

१०. **<u>अनुगमन टोलीले पालना गर्नु पर्ने आचार संहिताः</u>** बजार अनुगमन गर्न जाने अनुगमन टोलीले देहायका बमोजिमको आचारसंहिताको पालना गर्नुपर्नेछः

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको

चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्यता स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन् ,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू मर्यादित तरिकाले प्रस्तुत हुनु पर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानुनी काम गरेमा कर्मचारी भए प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानुन बमोजिम कारबाही गर्न सकिनेछ र

(झ) मानव अधिकारवादी सङ्घ संस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन्।

तर, सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नुपर्नेछ।

## परिच्छेद-४

## अनुचित क्रियाकलाप र जरिवाना

११. **अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुनेः** (१) कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन हुँदैन।

(२) कसैले उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै काम गरेमा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछः-

(क) वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्रि वा प्रदान गर्ने,

(ख) झुठा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्रि गर्ने,

(ग) वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाई बिक्रि गर्ने,

(२) पुर्ननिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्रि गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्रि गर्दा झुठा र भ्रमपूर्णरूपमा विज्ञापन वा सूचना प्रसार गर्ने, र

(४) तथ्यगत आधारबिना कुनै वस्तुको उपभोग वा प्रयोगबाट त्यस्तो वस्तुको दावी वा प्रत्याभुति गर्ने वा बिक्रि गर्ने।

(घ) कुनै वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गर्ने वा कुनै प्रतियोगिता,

चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्रि गर्ने,

(ङ) कुनै वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्रि गर्ने,

(च) कुनै वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति का ओसारपसार वा सञ्चय वा बिक्रि गर्ने र कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी गर्ने वा बिक्रि गर्ने,

(छ) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्रि गर्ने,

(ज) कुनै वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन वा पैठारी गर्ने वा त्यस्तो वस्तुको बिक्रि गर्ने,



अनमा गाउँपालिका

(झ) बिक्रि गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने वा बिल बिजक जारी गर्दा थप रकम माग गर्ने,

(ञ) कुनै वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी बिषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्रि गर्ने,

(ट) उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको उपभोग्य वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्रि गर्ने,

(ठ) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्रि गर्ने,

(ड) व्यवसायिक सेवा प्रदायकले सेवाको मूल्य, गुणस्तर, सेवा उपलब्ध गराउने स्थान र समय उल्लेख नगरी सेवा प्रदान गर्ने,

(ढ) उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, सङ्घ संस्थाको मिलेमतोबाट तोकिए भन्दा बढी मुनाफा लिई बिक्रि गर्ने,

(ण) कुनै वस्तु वा सेवा बिक्रि वा प्रदान गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्रि वा प्रदान गर्ने,र

(त) कुनै वस्तु वा सेवा बिक्रि वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्रि गर्ने।

१२. **जरिवाना**ः (१) अनुगमन टोलीले अनुगमनका क्रममा वा कुनै व्यक्तिले दिएको उजुरी उपर छानवीन गर्दा देहायका कार्य गरेको देखिएमा कसूरको मात्रा हेरी गाउँपालिकाले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ।

(क) दर्ता, पान, इजाजत पत्र र मूल्य सूचि विक्रि स्थलमा सर्वसाधारणले देख्ने गरी नराखेमा पाँच हजार देखि दशहजार रुपैयाँसम्म,

(ख) बिल बिजक नराखेमा पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म,

(ग) अनुचित व्यपारिक क्रियाकलाप गरे वा गराएमा बीस हजार देखि पचास हजार रुपैयाँसम्म,

(घ) कुनै सामान झुक्याइ बिक्रि गरेमा वा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने बस्तु उत्पादन बिक्रि गरे वा गराएमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म, र

(ङ) अनुगमनका क्रममा असहयोग गरेमा पाँच हजार रुपैयाँसम्म।

(२) उपदफा (१) बमोजिमको कसुर पटकपटक गरेमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ।

(३) नेपाल सरकारको उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम भए गरेका कसूर सोहि ऐन तथा प्रचलित कानुन अनुसारको सजाय हुनेछ।

१३. **उजुरी दिन सक्नेः** कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै पनि व्यक्तिले उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा गाउँपालिकामा सूचना वा उजुरी दिन सक्नेछ।

## परिच्छेद-८

## विविध

१४. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन।

१५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

१६. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले नियम बनाउन सक्नेछ।

१७. **कार्यविधि, निर्देशिका र मापदण्डः** यो ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

१८. <u>बचाउ तथा खारेजीः</u> (१) यस गाउँपालिकाको **गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशनका सम्बन्धमा गर्न बनेको ऐन, २०८०** खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लिखित **गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशनका सम्बन्धमा गर्न बनेको ऐन,२०८०** बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

**आज्ञाले**

द्रोपति कुमारी यादव

प्रमख प्रशासकीय अधिकृत

अनमा गाउँपालिका